सङ्केताङ्क नं.(Symbol No.): .....मिति: २०८३-०६-१६ १०:००बजे

प्याब्सन काठमाडौँ
मध्य त्रैमासिक परीक्षा-२०८३

कक्षा: ९
विषय: अनिवार्य नेपाली

पूर्णाङ्क : ७५
समय : ३ घण्टा

दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :

सबै प्रश्न अनिवार्य छन् ।

१. तल समूह 'क' मा दिइएका शब्दका अर्थ समूह 'ख' बाट पहिचान गरी जोडा मिलाउनुहोस्: २

समूह 'क'	समूह 'ख'
बख्खु	चौबिसै घण्टा
जिबुल्ले	बाजा बजाई अभिवादन गर्ने
अहोरात्र	मिठो मिठो खान खोज्ने
शैलश्रेणी	पराल आदिको टुकाटाकी
	उनबाट बनेको बाक्लो कपडा
	पहाडका शृङ्खला

२. दिइएको अनुच्छेदबाट उपयुक्त शब्द पहिचान गरी खाली ठाउँ भर्नुहोस्: २

मेरो कान्छो सालाले विदेशबाट पठाएको केही पैसाले मैले पशुपति धर्मशालाका वृद्धवृद्धालाई भोजन गराएँ । भोजन ग्रहण गरेपछि उहाँहरुले कृतज्ञ हुँदै मलाई आशीर्वाद दिनुभयो । एक दिनलाई भए पनि उहाँहरुको आत्मालाई खुसी बनाउन पाउँदा कान्छो सालालाई धन्यवाद दिएँ ।

क) 'हृदय' को पर्यायवाची शब्द ..... हो ।
ख) 'अर्पण' को विपरीतार्थक शब्द ..... हो ।
ग) ..... श्रुतिसमभिन्नार्थी शब्द हुन् ।
घ) ..... सिङ्गो शब्द हो ।

मिति: २०८३-०६-१६ १०:००बजे

३. दिइएको अनुच्छेदबाट एउटा उखान र एउटा अनुकरणात्मक शब्द पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस्: २

खाने मुखलाई जुँगाले छेक्दैन भनेझैं झमक घिमिरेले खुट्टाले लेखेर भए पनि नेपाली साहित्यको श्रीवृद्धिमा ठुलो योगदान दिएकी छिन् । उनको प्रगति देखेर हामी नेपाली खुसीले गदगद भएका छौं ।

४. क) दिइएका शब्द समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस्: १

अ) वातावरण बाताबरण बातावरण वाताबरण

आ) शनासो सनासो सनाशो सनाषो

ख) दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस: २

सहयात्रि लाल भन्दै थिए, ताप्लेजूङ्को तोङ्बा भइदिएकोभए यो मौसममा कति काम दिन्थ्यो !

५. दिइएको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको शब्दवर्ग पहिचान गरी लेख्नुहोस्:३

नेपाली मानिस कहिल्यै शत्रु**सँग** झुक्दैनन् । **नेपाली** भन्नासाथ उनीहरुको मुटु **थरथर काम्थ्यो** रे !

६. दिइएका प्रश्नको उत्तर दिनुहोस्: २+२=४

क) दिइएको अनुच्छेदबाट उपसर्ग लागेका दुईओटा र प्रत्यय लागेका दुईओटा शब्द पहिचान गरी निर्माण प्रकियासमेत देखाउनुहोस्:

अशिक्षा नै अन्धविश्वासको जड भएकाले शिक्षाको प्रचार प्रसार गरी जनतामा चेतनाको विकास गर्नु शिक्षित मानिसको कर्तव्य हो ।

ख) दिइएको अनुच्छेदबाट एउटा समस्त शब्द पहिचान गरी विग्रह गर्नुहोस, एउटा विग्रह पदावली पहिचान गरी समस्त शब्द बनाउनुहोस् र द्वित्व प्रकियाबाट बनेका दुईओटा शब्द पहिचान गरी निर्माण प्रकियासमेत देखाउनुहोस्:

हिजो मेरो घरमा चन्द्रमुखी काकी र नरोत्तम काका आउनुभएको थियो । मैले उहाँहरुलाई तातातातो चिया पिलाएँ । केही समयपछि भातसात खाएर उहाँहरु गाईको जात्रा हेर्न भनी भक्तपुर जानुभयो ।

सङ्केताङ्क नं.(Symbol No.): .....मिति: २०८३-०६-१६ १०:००बजे

७. दिइएको अनुच्छेदलाई पूर्ण वर्तमान कालमा परिवर्तन गर्नुहोस्: २

यो साल धेरै पानी पऱ्यो । खेतमा धानका बालाहरु लहलह झुले, । किसानहरुले अन्न उत्पादन गर्न पाए । किसानहरु खुसीले गदगद भए ।

८. कुनै एक प्रश्नको उत्तर दिनुहोस्: २

क) सम्भावनार्थक भाव बुझाउने फरक फरक क्रियापदको प्रयोग गरी चारओटा वाक्यमा आफ्नो भविष्यको लक्ष्यको बारेमा लेख्नुहोस् ।

ख) दिइएको अनुच्छेदका वाक्यहरुलाई उच्च आदरमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस्:

ऊ कक्षामा प्रथम भएकी छे । उसले धेरै पुरस्कार पनि पाएकी छे । उसलाई सबैले माया गरेका छन् । ऊ असल मानिस बनेकी छे ।

९. कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस्: ४

क) म किताब किनेर पढ्छु । (वाक्य विश्लेषण)

ख) भावनाले पुस्तकहरु पढेकी छे । (कर्मवाच्य)

ग) शेखर घरमै काम गर्छ । (प्रेरणार्थक)

घ) छोरीले रिसाएर आफूलाई नहेप्न भनी । (प्रत्यक्ष कथन)

१०. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस्: ४

बालक्लबले आमा समूह, युवाक्लब जस्ता सामाजिक सङ्घसंस्थासँग सहकार्य गर्न सक्छ । यसले सामाजिक विकृति र विसङ्गतिका विरुद्ध सकारात्मक भूमिका निर्वाह गर्न सक्छ । बालबालिकाको आनीबानीमा परिवर्तन ल्याई सामाजिक मूल्य, मान्यता, संस्कृति र आचरण वृद्धि गर्न पनि विभिन्न खालका सचेतनामूलक कार्यक्रम आयोजना गर्नु आवश्यक छ । यस्ता गतिविधि सञ्चालनबाट बालबालिकाको अधिकार र कर्तव्यप्रति सचेतना जगाउन सकिन्छ । बालविवाह, बालहिंसा, सामाजिक दुर्व्यवहार जस्ता पक्षको न्यूनीकरणका लागि सङ्घसंस्था तथा स्थानीय निकायको महत्त्वपूर्ण भूमिका रहन्छ । हाम्रो यस विद्यालयमा गठित बालक्लबले पहिले विद्यालयमा सचेतना फैलाएर समाजमा जाने उद्देश्य राखेको छ । उक्त उद्देश्यअनुरूप बिदाको दिन गाउँसहरका मुख्य स्थानमा विभिन्न सचेतना कार्यक्रम आयोजना गर्न लागेको छ ।

मितिः २०८३-०६-१६ १०:००बजे

प्रश्नहरुः

क) 'बालक्लबले आमा समूह, युवाक्लब जस्ता सामाजिक सङ्घसंस्थासँग सहकार्य गर्न सक्छ ।' यस वाक्यलाई अकरणमा परिवर्तन गर्नुहोस् ।

ख) रेखाङ्कित पद 'बालक्लबले' शब्दको कारक र विभक्तिको नाम लेख्नुहोस् ।

ग) 'यसले सामाजिक विकृति र विसङ्गतिका विरुद्ध सकारात्मक भूमिका निर्वाह गर्न सक्छ ।' यस वाक्यको उद्देश्य र विधेय लेख्नुहोस् ।

घ) 'हाम्रो यस विद्यालयमा गठित बालक्लबले पहिले विद्यालयमा सचेतना फैलाएर समाजमा जाने उद्देश्य राखेको छ ।' यस वाक्यलाई संयुक्त वाक्यमा परिवर्तन गर्नुहोस् ।

११. दिइएको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस्: ४

नेपालमा वातावरण संरक्षणको चर्चा गर्दा ग्रामीण र सहरी वातावरणलाई छुट्याएर हेर्नुपर्ने हुन्छ । ग्रामीण क्षेत्रको वातावरणको अवस्था, जनसङ्ख्या वितरण, जनजीविकाको आयस्रोत, कारक तत्त्व र यसका दूरगामी परिणामहरूले ग्रामीण जनजीवनमा असर पार्न सक्छन् । वातावरणीय विनाशका कारण प्रतिएकाइ कृषि उत्पादनमा आएको ह्रास सोचनीय भइसकेको छ । ग्रामीण क्षेत्रका वातावरणीय समस्या गरिबीसँग बढी गाँसिएका छन् । गरिबी एवम् स्रोत उपयोग प्रक्रियासँग गाँसिएका यी समस्याहरू विभिन्न क्षेत्रमा भिन्न प्रकारका छन् र नेपालको भौगोलिक विकटता विचार गर्दा यो स्वाभाविक पनि हो तर सहरी क्षेत्रको वातावरणीय समस्या जनताको जीवनस्तर उकास्ने कार्यसँग स्पष्टतः सम्बन्धित छ । सहरमा जनसङ्ख्याको चाप, वितरण प्रणाली, तिनले प्रयोग गर्ने स्रोत, फाल्ने फोहोरको प्रकृति र यसबाट आर्जित स्वास्थ्य समस्या एवम् पर्यटन व्यवसायमा परेको वा पर्न सक्ने असर तथा आर्यआर्जनमा पर्न सक्ने दूरगामी प्रभावहरू चासोका विषय बन्न पुगेका छन् । क्षेत्रगत विकासको अवधारणाबाट सिर्जित यी समस्या ज्यादै जटिल प्रकृतिका छन् र यिनको समाधान त्यति सजिलो पनि छैन ।

प्रश्नहरूः

क) ग्रामीण जनजीवनमा के-केले असर पार्न सक्छन् ?

ख) नेपालको भौगोलिक विकटता विचार गर्दा के स्वाभाविक छ ?

ग) सहरी क्षेत्रको वातावरणीय समस्या केसँग सम्बन्धित छ?

घ) वातावरण संरक्षणमा के-कस्ता प्रभावहरू चासोका विषय बन्न पुगेका छन ?

१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस्:

क) दिइएका बुँदाका आधारमा जीवनी तयार पारी शीर्षकसमेत दिनुहोस्:

नाम: बालकृष्ण सम

जन्म: वि.सं. १९५९ माघ २४ गते, ज्ञानेश्वर, काठमाडौं

मातापिता: कृति राज्यलक्ष्मी र समर शमशेर जबरा

शिक्षा: आई एस्सी.

सेवा: सैनिक सेवा, रेडियो नेपालको निर्देशक, गोरखा पत्रको सम्पादक

कृति: मुटुको व्यथा, अमरसिंह, भीमसेनको अन्त्य आदि नाटक, चिसो चुल्हो महाकाव्य, आगो र पानी खण्डकाव्य आदि

योगदान: आधुनिक नेपाली नाटकका प्रवर्तक सुखान्त र दुःखान्त नाटकको रचना सामाजिक, पौराणिक र ऐतिहासिक विषयवस्तुमा नाटक रचना

पुरस्कार: त्रिभुवन पुरस्कार, साझा पुरस्कार, पृथ्वी प्रज्ञा पुरस्कार

मृत्यु: वि. सं. २०३८ साउन ६ गते, काठमाडौं

ख) 'पुस्तकालयको महत्त्व' शीर्षकमा दुई जना साथीका बिचमा संवाद तयार गर्नुहोस्:

१३. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस्: ४

क) कक्षा ९ का विद्यार्थीका तर्फबाट शैक्षिक भ्रमणको प्रबन्ध मिलाइदिन अनुरोध गर्दै आफ्नो विद्यालयका प्रधानाध्यापकलाई निवेदन लेख्नुहोस्:

ख) आफ्नो विद्यालयको वार्षिकोत्सव कार्यक्रममा अभिभावकलाई बोलाउनका लागि लेखिने निमन्त्रणा पत्र बनाउनुहोस्:

१४. दिइएको अनुच्छेदबाट चारओटा बुँदा टिप्नुहोस्: २

करेसाबारीमा खेती गर्न उपयुक्त हुने गरी मौसमका आधारमा तरकारीलाई हिउँदे, बसन्ते र बर्षे तरकारीका रूपमा पनि वर्गीकरण गरिन्छ । नेपालमा भदौदेखि असोजसम्म बिउ बेर्ना रोपेर कात्तिकदेखि माघसम्म उत्पादन लिन सकिने तरकारीलाई हिउँदे तरकारी भनिन्छ । यो समूहका तरकारी बालीको उत्पादन लिन चिसो मौसम र छोटो दिनको आवश्यकता पर्छ । पुसदेखि फागुनसम्म बिउ र बेर्ना रोपेर फागुनदेखि जेठसम्म उत्पादन लिन सकिने तरकारीलाई बसन्ते तरकारी भनिन्छ । वैशाखदेखि असारसम्म बिउ बेर्ना रोपी असारदेखि भाद्रसम्म उत्पादन लिन सकिने तरकारीलाई बर्खे तरकारी भनिन्छ । यो समूहका तरकारीमा लामो समयको वर्षा सहने गुण हुन्छ । यसो हुँदाहुँदै पनि हिजोआज बेमौसमी खेतीका कारण जुनसुकै मौसममा जुनसुकै तरकारीको खेती गर्ने चलन पनि चलेकै छ ।

मिति: २०८३-०६-१६ १०:००बजे

१५. दिइएको अनुच्छेदबाट एक तृतीयांशमा सारांश लेख्नुहोस्: ३

व्यक्तित्व भनेको व्यक्तिभित्र रहेका गुणको त्यो समूह हो जसले कुनै व्यक्तिलाई व्यक्तिभन्दा पृथक राख्छ । लङ्मेन डिक्सनरीका आधारमा कुनै व्यक्तिको सम्पूर्ण स्वभाव वा चरित्र उसको व्यक्तित्व हो । क्याम्ब्रिज इन्टरनेसनल डिक्सनेरीअनुसार तपाईंको व्यवहार गराइ, महसुस गराइ र सोचाइको तरिका तपाईंमा जुन देखिने गर्छ त्यो नै तपाईंको व्यक्तित्व हो । नेपाली बृहत् शब्दकोशले व्यक्तित्वलाई व्यक्तिको वैयक्तिक विशेषता देखाउने गुण, निजीपन र व्यक्तिमा निहित अरूलाई प्रभाव पार्ने विशेषताका रूपमा चिनाएको छ । त्यसैले हरेक व्यक्तिमा शिष्टाचार, नैतिकता, आचरण, आत्मविश्वास, साहस, सोचाइ, व्यवहार, बोलीचाली र आनीबानीमा समेत झल्किने छ त्यो नै व्यक्तित्व हो । यी सबै कुरामा विद्यार्थीलाई सशक्त बनाउन र उनीहरूमा भावी जीवनको उज्यालो पक्ष देखाउन विद्यालयको गहन भूमिका रहन्छ ।

१६. दिइएको प्रश्नको उत्तर लेख्नुहोस्: ४+४=८

क) दिइएको कवितांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस्:

प्रकृतिले सम्झाउँछ अमर गौरवगाथा
संसारकै शिरपोस हाम्रो सगरमाथा
समृद्धिको शिखर चुम्दै जान माथि माथि
रेटिँदै छ मानो रोपी फलाउन पाथी ॥

प्रश्नहरु:

अ) माथिको कवितांशमा नेपालका कस्ता विशेषताहरुलाई प्रस्तुत गरिएको छ ?

आ) माथिको कवितांशले कस्तो सन्देश दिएको छ ?

ख) तलको जीवनीको अंश पढी सोधिएको प्रश्नको उत्तर दिनुहोस्:

सत्यमोहन जोशीले नेपाली साहित्यमा कविता, नाटक, समालोचनाका अतिरिक्त लोकसाहित्य, संस्कृति आदि क्षेत्रका दर्जनौं कृति रचना गरेका छन् । उनले भाषा र नाटक, कविता, कथा, निबन्धजस्ता साहित्यिक विधाका करिब तीन दर्जन जति कृति रचना गरेका छन् । उनले नेपाल भाषाका विभिन्न विषय र विधाक्षेत्रसँग सम्बन्धित करिब चार दर्जन रचना प्रकाशन गरी नेपाल भाषाको श्रीवृद्धिमा समेत महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् ।

प्रश्न:

अ) सत्यमोहन जोशीले के के क्षेत्रमा योगदान पुऱ्याएका छन् ? लेख्नुहोस् ।

आ) सत्यमोहन जोशीको जीवनीबाट पाइने सन्देश लेख्नुहोस् ।

१७. करेसाबारी निबन्धमा भनिए जस्तै के सबै नेपालीका घरमा चुलामा दिउरी वा ताप्के बसाल्न ठिक्क पारेर तरकारी टपाटप टिपी केलाएर पकाउन सम्भव छ त ? तर्क दिनुहोस् । ४

१८. कुनै एक उद्धरणको व्याख्या गर्नुहोस्: ४

क) भयो रातो खास्टो रवि किरणले पश्चिम गिरि
निशाको त्यो कालो तम पटल भो नील कवरी ।

ख) यो आयु भावीले जुन दिन जति लेख्यो, लेख्यो । त्यसलाई घटाउन पनि सकिँदैन, बढाउन पनि सकिँदैन ।

१९. कुनै एक प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस्: ७

क) दिइएको नियात्राको अंश पढी सोधिएका प्रश्नहरुको उत्तर लेख्नुहोस्:

मध्यकालमा 'ताप्ले' नाम गरेका राजाले यस क्षेत्रमा शासन गर्थे रे । लिम्बू भाषामा 'जुङ' को अर्थ 'किल्ला' हुन्छ । उनै 'ताप्ले' राजाको अधीनमा रहेको किल्ला भएकाले 'ताप्ले' र 'जुङ' शब्दको संयोजन गरी 'ताप्लेजुङ' नामकरण गरिएको हो भन्ने जनश्रुति रहेछ । यसरी ताप्लेजुङ जिल्लाको नामकरण लिम्बू भाषाबाट भएको मानिँदो रहेछ । मेची राजमार्गको साँघुरो, घुमाउरो र नागबेली परेको सडकमा गुड्दै र हुत्तिदै ताप्लेजुङ पुग्दा साँझको छ बजिसकेको थियो । हामी निरन्तर साढे सात घण्टाको यात्राले निकै थाकेर लखतरान भइसकेका थियौँ । यस्तो लाग्थ्यो, अर्को दिन कतै पदयात्रा सुरु गर्न आजको थकाइ मेटिने हो कि होइन । ओइलाएको साग झैँ लल्याकलुलुक भएको आफ्नै शरीरप्रति मलाई त्यति भरोसा थिएन ।

प्रश्नः

अ) "कञ्चनजङ्घालाई नियाल्दा" नियात्रा निबन्धका आधारमा पदयात्राका रमाइला क्षण र आइपर्ने कठिनाइको समीक्षा गर्नुहोस् ।

ख) तलको कथांश पढी सोधिएको प्रश्नको उत्तर दिनुहोस्:

छोरो यस्तो ठाउँमा कहिलेकाहीँ मात्र आउन पाउँथ्यो त्यस कारण निकै रमाइलो मानिरहेको थियो । केही बेरपछि नै त्यो भोक लाग्यो पो भन्न थाल्यो । तिनीहरूले बडो कठिनाइसाथ त्यसलाई फकाए, घर जानासाथ मिठाई खान दिने भनेर । घरको वरपर कुनै मिठाई पसल थिएन । यो तिनीहरूलाई पक्का भएकाले यस्तो भनिएको थियो । सायद छोरो चाहिँ यसमा पक्का थिएन ।

मितिः २०८३-०६-१६ १०:००बजे

प्रश्नः

अ) 'स्वाद' कथामा नेपाली समाजको आर्थिक समस्यालाई कसरी प्रस्तुत गरिएको छ ? समीक्षा गर्नुहोस् ।

२०. कुनै एक शीर्षकमा कम्तीमा १५० शब्दसम्मको निबन्ध लेख्नुहोस्: ७

क) अनुशासन

ख) मेरो बाल्यकाल

ग) नेपालमा धार्मिक सहिष्णुता